# एक चिहान उपन्यासका पात्रहरूको शैलीविज्ञानिक आधारमा चरित्र चित्रण

**- बाबुराम खड्का**
अध्यापक, नेपाली विभाग, इटहरी नमुना कलेज
baburamkhadka1000@gmail.com
**- टेकेन्द्र ढकाल**
अध्यापक, नेपाली विभाग, इटहरी नमुना कलेज

## लेखसार

*प्रस्तुत लेख हृदयचन्द्रसिंह प्रधानद्वारा २०१७ सालमा लिखित एक चिहान उपन्यासलाई शैक्षिक प्रयोजनका निम्ति सङ्क्षिप्त रूप दिने कार्य महादेव अवस्थीबाट २०६७ मा भएको छ र सोही सङ्क्षिप्तीकृत उपन्यासमा रहेका पात्रहरूको शैली वैज्ञानिक आधारमा गरिएको चरित्रचित्रणमा केन्द्रित छ । यस उपन्यासमा रहेका प्रमुख तथा सहायक पात्रहरूको शैली वैज्ञानिक आधारमा विश्लेषण गर्नु यस लेखको मुख्य उद्देश्य हो । शैलीविज्ञानले कृतिमा घटेका घटना तथा पात्रहरूको सूक्ष्म तरिकाले मनोवैज्ञानिक अध्ययन गर्दछ । यस लेखको प्राथमिक स्रोतका रूपमा उपन्यासलाई लिइएको छ र द्वितीय स्रोतका रूपमा विभिन्न पुस्तक र लेख रचनालाई लिइएको छ । विवेच्य उपन्यासका पात्रहरूलाई पात्र वर्गीकरणका मूलभूत मान्यताका आधारमा शैली वैज्ञानिक रूपमा चरित्रचित्रण गर्नु यस अध्ययनको उद्देश्य रहेकाले लेखका रूपमा प्रस्तुतिकरण गर्दा वर्णनात्मक र गुणात्मक विधि प्रयोग गरिएको छ । पात्रको उपस्थिति पुरूष, स्त्री, प्रमुख, सहायक, गौण, अनुकूल, प्रतिकूल, गतिशील, गतिहीन, वर्गीय, व्यक्तिगत, नेपथ्य, मञ्चीय, बद्ध र मुक्तका रूपमा उपस्थिति रहने गर्दछ । सोही आधारमा पात्रहरूको वर्गीकरण सहितको विश्लेषण गरिएको छ । उपन्यासले दिन खोजेको सन्देशलाई पात्रहरूले सटिक ढंगले निर्वाह गरेका छन् । फरक विशेषता बोकेका पात्रहरूको भूमिकाले गर्दा उपन्यास सार्थक देखिन्छ ।*

***शब्दकुञ्जी : उपन्यास, चरित्रचित्रण, पात्रवर्गीकरण, शैलीवैज्ञानिक***

## १. विषयपरिचय

एकचिहान उपन्यास हृदयचन्द्र सिंह प्रधानद्वारा लेखिएको सुप्रसिद्ध उपन्यास हो । उपन्यासकार सिंह नेपाली साहित्यका उपन्यास, नाटक, निबन्ध, समालोचना क्षेत्रमा कलम चलाउने बहुमुखी व्यक्तित्व हुन् । उनको जन्म वि.सं. १९७२ माघ १२ गते काठमाडौँमा भएको थियो । प्रधानले कुनै विद्यालय वा महाविद्यालयबाट अध्ययन गरेर साहित्य यात्रा सुरू गरेका होइनन् । उनले घरमै लगनशील भएर स्वाध्ययन गरेका थिए । स्वाध्ययनकै क्रममा घरमै साहित्यका गहन पुस्तकहरु पढेर आफ्नो लेखन कलालाई फराकिलो बनाउन थाले । विशेष गरेर उनको लेखन कला निबन्ध क्षेत्रमा झाङ्गिएको पाइन्छ । उनी भातृस्नेह' शीर्षकको वि.सं. १९९९ मा पहिलो निबन्ध प्रकाशन गरी नेपाली साहित्यमा पदार्पण गरेका हुन् ।

प्रधानको उपन्यास विधामा स्वास्नीमान्छे (२०११) र एक चिहान (२०१७) गरी दुई ओटा उपन्यास प्रकाशित छन् । उपन्यासकार प्रधानका उपन्यासमा तत्कालिन अवस्थामा नेपाली समाजमा नारीहरूले भोग्नु परेको यातना, उच्च वर्गले निम्न वर्गमाथि गरेको शोषण, दमन, र किसानहरूले भोग्नु परेको आर्थिक संकट शोषण र सामाजिक विकृति, अन्ध विश्वास जस्ता कुराबाट मुक्ति दिलाउने कुराको मार्ग निर्देश गरेका छन् ।

अष्टनारान बिरामी भएर मृत्यु सैयामा पल्टिरहेका छन् । उनकी श्रीमती छोरा बुहारी र छोरी उनको हेर बिचारमा तल्लीन छन् । यही अवस्थामा एकचिहान उपन्यासको घटनाक्रमको प्रारम्भ भएको छ । अष्टनारान आफू निकै बिरामी परेकाले बाँच्ने सम्भावना कम भएको बताउँछन् । आफ्ना लागि औषधि मूलो गरेर व्यर्थमा खर्च नगर्न, मरेपछि पनि काजक्रिया नगर्नु त्यसले व्यर्थमा खर्च बढाउँछ, यसले परिवारमा व्यर्थमा आर्थिक संकट निम्त्याउँछ भन्ने अर्ती उपदेश दिन्छन् । आफू मरेपछि कात्रो किन्नलाई भनेर २५ रूपैयाँ जमिन मुनी गाडेर राखेको कुरा बताउँछन् । त्यसैले आफ्नो अन्त्येष्टिका सबै कार्य पूरा गर्नु भन्छन् । परिवारका अन्य सदस्यले भने सुरूमा गुभाजुलाई झारफुक गर्न लगाउँछन् तर त्यसले विसेक नभएपछि जेठा छोरा शिवनारान गाउँमै भएका डाक्टर गोदत्तप्रसाद कहाँ गएर आफ्नो बाबुको औषधी गरिदिन आग्रह गर्दछन् । डाक्टर गोदत्तले शिवनारानप्रति कुनै वास्तै गर्दैनन् । अर्को भाइ पुननारान गएर फि भर्ने वाचा गरेपछि मात्र डाक्टर गोदत्त अष्टनारानकहाँ जान राजी हुन्छन् । डाक्टर गोदत्तप्रसाद अष्टनारानको घरमा पुगी बिरामी अष्टनारानलाई जाँची इन्जेक्सन औषधि दिन्छन् । त्यसै बेला अष्टनारानकी तरूनी छोरीलाई देखेर ऊप्रति मोहित हुन्छन् । त्यसपछि डाक्टर दैनिक जसो अष्टनारानको  घरमा आएर चेक जाँच गर्ने गर्छन् । अष्टनारानका परिवारले आफ्ना बाबुलाई बचाउन अनेक प्रयत्न गर्दा गर्दै पनि निको नभई अष्टनारान मृत्यु वरण गर्न पुग्छन् । अब घरमा भएका दुई भाइ पुननारान र हर्षनारान एक बहिनी नानीथँकु र आमा लतमायालगायत परिवार सञ्चालनको जिम्मेवारी जेठो छोरो शिवनारानको काँधमा आउँछ । शिवनारानको मुख्य पेसा कृषि हो । कृषि पेसाबाट उसले आफ्नो परिवारको गुजारा चलाउनु पर्ने बाध्यता छ । उसले परिवारका सम्पूर्ण सदस्यहरूलाई मिलाएर आआफ्ना काममा खटाएको छ । गरिब परिवारलाई केही सहयोगको ललीपप देखाएर गाउँका धनाढ्य स्वार्थी सामन्ती वर्गका व्यक्तिहरूले विभिन्न कपटपूर्ण क्रियाकलाप गर्न खोजेका छन् । नानीथकुँको रूप र सुन्दरताको पछि मरिहत्ते गरेर डाक्टर गोदत्तप्रसाद लागेका छन् । डाक्टर गोदत्तको झुट र कपटपूर्ण प्रेमजालमा सोझी नानीथकुँ पनि फस्न पुग्छे । ग्रामीण किसानकी छोरी भर्खर सोह्र  सत्र वर्ष पुगेकी रूप लावण्यले आकर्षक देखिने नानीथँकुलाई घरमा श्रीमती हुँदाहुँदै दुई तीन जना छोराछोरीको बाबु डाक्टर गोदत्तप्रसादले आफ्नो झुटो प्रेममा फसाएर नारी अस्मितालाई सङ्कटमा पार्न लागेको थाहा पाएर डाक्टर गोदत्तकी श्रीमती रञ्जनादेवीले नानीथँकुलाई सही मार्गमा ल्याउन गरेको प्रयास उपन्यासमा प्रशंसनीय छ । नानीथँकुको रूप र सुन्दरताको पछि लाग्ने व्यक्ति डाक्टर मात्र होइन ऊ उपन्यासमा खल पात्रको रूपमा अर्को पात्र तल्सिङ सुब्बा सुरमान पनि हो । सुब्बा सुरमान आफ्नो कारिन्दा रामबहादुरको माध्यमबाट नानीथँकुलाई आफनो बनाउने प्रयासमा हुन्छ । सन्ताउन्न वर्षको बुढो भइसकेको सुरमान नानीथँकु पाउने आशाले अष्टनारानले लिएको पुरानो ऋण मिनाह गरिदिने र भर्खरै ल्याएको नयाँ विदेशी तान पनि सित्तैमा दिने लालचा देखाउनको साथै अष्टनारानले नानीथकुँ कन्यादान दिने वचन दिएको झुटो कुरो गरेर  आफ्ना मतियार रामबहादुरलाई नानीथँकुको हात माग्न लतमाया समक्ष पठाउँछ ।

सङ्क्षिप्तीकृत उपन्यासमा  शोषक र सामन्ती वर्गका पात्रहरु र निम्न वर्गीय श्रमजीवी किसानका

परिवारका पात्रहरु बिच आन्तरिक र बाह्य द्वन्द्व हुँदै उपन्यासको घटनाक्रम अगाडि बढेको छ । यसैगरी कथानकले गतिलिने क्रममा अनेक दु:ख कष्ट बाधा व्यवधान सहँदै अघि बढ्ने क्रममा तीन दिनदेखिको मुसलधारे पानीका कारण बाढी पहिरो आएर अष्टनारानको घर खेत सबै बगाएर सबैलाई एक चिहान बनाउँछ । यही दुखद र कारूणिक घटनाबाट एक चिहान उपन्यासको कथानक समापन भएको छ ।

शैलीविज्ञान साहित्यिक समालोचनाको नवीन विधा हो । यो भाषा विज्ञानसँग सम्बन्धित वस्तुपरक एवम् सृजनात्मक समीक्षाको नवीनतम आयाम हो । शैलीविज्ञान प्रायोगिक भाषा विज्ञानको एक महत्वपूर्ण देन हो यसले सृजनात्मक साहित्यको वस्तुपरक अध्ययन गर्छ (शर्मा,२०४८:४).। विश्व साहित्यमा शैलीको प्रयोग प्लेटो, अरस्तु, टि.एस. इलियटको समयदेखिनै हुँदै आएको देखिन्छ । शैली विज्ञान अङ्ग्रेजी स्टाइलिस्टिक शब्दको नेपाली.रुपान्तरण हो (शर्मा, प्रा. मोहनराज र लुइटेल डा.खगेन्द्रप्रसाद दो. स.२०६३) । नेपाली भाषामा रहेको शैली विज्ञान समास प्रक्रियाबाट निर्मित शब्द हो । शैलीको विज्ञान शब्दहरु बिच समास भएर शैलीविज्ञान शब्दको निर्माण भएको हो । सोझो अर्थमा शैलीविज्ञान शब्दले शैलीको अध्ययन बुझाए पनि विशेष अर्थमा शैलीविज्ञानले भाषाका माध्यमबाट गरिने वस्तुपरक आलोचना प्रणालीलाई बुझाउँछ ।

यो लेख तयार पार्दासम्म विभिन्न समयमा विभिन्न कृतिहरुका शैली विज्ञानमा आधारित भएर अध्ययन भएको देखिन्छ । लक्ष्मी बरालले दुर्गम उचाइमा फूलको आँधी कविता सङ्ग्रह (२०६८) को शैली वैज्ञानिक अध्ययन शीर्षकमा त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गतको स्नातकोत्तर तहको दसौँ पत्रको शोधपत्र तयार पारेको देखिन्छ । त्यस्तै सोही प्रयोजनका लागि हरिप्रसाद जोशीले श्वेत भैरवी कथाको शैली वैज्ञानिक अध्ययन शीर्षकमा शोधपत्र तयार पारेको पाइयो । सर्व प्रथम वि.सं. २०५६ सालमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत डि.वि. थापाले तीन घुम्ती उपन्यासमा प्रयुक्त पात्रहरूको शैली वैज्ञानिक आधारमा विश्लेषण गरेको पाइन्छ । वि.सं. २०५७ मा नीलमणी ढुङ्गेलले शिरीषको फूल उपन्यासमा शैली वैज्ञानिक अध्ययन भएको पाइन्छ । सविन घिमिरे २०७६ ले अप्रिलफूल उपन्यासको शैली वैज्ञानिक अध्ययन गरेका छन् । यसैगरी सन्ध्या उपाध्याय २०६७ ले सखी उपन्यासमा शोधपत्र तयार पारेकी छन् । यसमा शैलीविज्ञानमा मात्र केन्द्रित भएर पात्रहरूको चरित्र चित्रण गरिएको भने पाइएन । नरेन्द्र दाइ, भोक र भित्ताहरू, मुलुक बाहिर लगायतका उपन्यासमा पात्रहरूको सामान्य चरित्र चित्रण गरेको पाइए पनि शैली वैज्ञानिक आधारमा चरित्र चित्रण गरेको पाइएन । सङ्क्षिप्तीकरण एक चिहान उपन्यासको औपन्यासिक तत्वका आधारमा उपन्यासको विभिन्न कोणबाट अध्ययन गरेको पाइए पनि शैली वैज्ञानिक आधारमा चरित्र चित्रण गरेको पाइएन । साहित्यिक कृतिको नवीन प्रकारले अध्ययन गर्नु शैली विज्ञानको विशेषता हो । शैलीवैज्ञानिक आधारमा एक चिहान उपन्यासका पात्रहरूको अध्ययन गर्नु यस अनुसन्धानको मुख्य उद्देश्य रहेको छ ।

## २. अध्ययन विधि

एक चिहान उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक आधारमा चरित्र चित्रण शीर्षकमा लेख तयार पार्दा सामग्री सङ्कलनका क्रममा प्राथमिक र द्वितीय गरी दुवै प्रकारका सामग्री सङ्कलनका स्रोतहरूको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका रुपमा महादेव अवस्थीबाट तयार पारिएको सङ्क्षिप्तीकरण एक चिहान उपन्यासलाई लिइएको छ भने द्वितीय स्रोतका रूपमा पुस्तकालय र विभिन्न व्यक्तित्वहरुद्वारा प्रकाशित

अनुसन्धनात्मक लेख तथा रचनाहरूका साथै इन्टरनेटमा उपलब्ध सामग्रीलाई पनि  लिइएको छ ।

नुसन्धानको उद्देश्य प्राप्तिका लागि सङ्कलित सामग्रीहरूको तथ्याङ्कलाई आधार मानी व्याख्या र विश्लेषण गरिएको छ । शैलीवैज्ञानिक आधारमा पात्रहरूको उद्देश्य किटान गरी एक चिहान उपन्यासका पात्रहरूको चरित्र चित्रण गरिएको छ । यस अनुसन्धानको मुख्य उद्देश्य नै एक चिहान उपन्यासका पात्रहरूको शैली वैज्ञानिक आधारमा चरित्र चित्रण गर्नु रहेकाले वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यस अनुसन्धानमा उपन्यासका अन्य पक्षलाई कुनै आधारमा विश्लेषण नगरी पात्रहरूको मात्र शैलीवैज्ञानिक आधारमा चरित्र चित्रण गरी निष्कर्ष निकालिएको छ ।

## ३. सैद्धान्तिक आधारमा पात्र र चरित्रचित्रण

उपन्यासमा घटनाक्रमलाई अगाडि बढाउने मुख्य तत्व नै पात्र हो । उपन्यासमा पात्र मानवीय  तथा मानवभन्दा इतरका जड वस्तु  मानवेत्तर  पनि हुन सक्छन् तापनि पात्र भन्ने वित्तिकै सामान्यतया मानव पात्र नै बुझिन्छ । पात्र शब्द तत्सम शब्द हो जसको अभिधा अर्थ कुनै वस्तुको आधार, भाँडो, प्राप्तकर्ता, जलाशय, दानपात्र, अभिनेता, नाटकको पात्र, योग्यता, आदेश, भन्ने हुन्छ (घर्ती, २०६७, पृ. ८१-८२) । त्यसैगरी पात्र शब्दलाई काव्य, नाटक, कथा, उपन्यास आदिमा चरित्रको वर्णन गरिएको नायक नायिका वा अन्य कुनै पनि व्यक्ति भनेर चिनाइएको छ ।

पात्र शब्द अङ्ग्रेजी साहित्यमा प्रचलित क्यारेक्टर शब्दको पर्यायवाचीको रूपमा आएको छ । अङ्ग्रेजीको क्यारेक्टर शब्द प्राचीन ग्रिसेली क्यारेक्टर (पजबचबपतभच) बाट आएको हो जसको अर्थ अङ्कित गरिएको वा छाप लगाइएको भन्ने हुन्थ्यो (घर्ती, २०६७, पृ. ८२) जुन कोशीय अर्थले साहित्यमा परिभाषित अर्थ वहन गरिसकेको छैन ।

कृतिमा प्रत्येक चरित्रको रूप र विम्व फरक किसिमको निर्धारित भएको हुन्छ । कथावस्तुको र चना आधार नै पात्र हो । उपन्यासभित्रका पात्रले कुन सामाजिक वर्ग, जाति, पेसा, र मनोवैज्ञानिक स्तरको प्रतिनिधित्व गरिरहेको छ भनी त्यसका बारेमा गरिएको खोजी वा व्याख्या नै चत्रित्रचित्रण हो (बराल र एटम २०५५ पृ ३५ ) ।  उपन्यासकारले बाहिरबाट चरित्रको स्थिति, सोचाइ, विचार अनुभवजस्ता कुराहरूमा आफ्नो दृष्टिकोण वर्णन गरी आधिकारिक रूपमा उल्लेख गर्दछ भने त्यो प्रत्यक्ष वा वर्णनात्मक पद्धति हो । त्यस्तै उपन्यासकारले उपन्यासभित्रका चरित्रहरूलाई आफैँ परिचित हुने वातावरण प्रदान गर्दछ । आफू टाढा बसी उपन्यासकारले उनीहरूलाई विचार ओकल्ने वातावरणको निर्माण गरिदिन्छ र पात्रलाई अन्य पात्र वा घटनाका बारेमा टिप्पणी गर्न दिन्छ भने त्यो अप्रत्यक्ष वा नाटकीय पद्धति हो (बराल र एटम, २०५५ पृ. ३५) । यस अनुसन्धानमा  लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा पात्रको चरित्रचित्रण गरिएको छ ।

### ३.१ पात्र वर्गीकरण

उपन्यासमा प्रयोग भएका पात्रहरु फरक परिवेश र वातावरणका हुन्छन् ।  यहाँ पात्र वर्गीकरण तथा चरित्रचित्रणका आधारहरु उल्लेख गरिएको छ ।  लिङ्गका आधारमा पात्र पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई प्रकारका हुन्छन् । पात्र वा व्यक्तिको शारीरिक वनावट छुट्याउने आधार भनेको लिङ्ग हो । कार्यका

आधारमा पात्रहरूलाई प्रमुख, सहायक र गौण गरी छुट्याइएको छ । कार्यव्यापार मुख्य रूपमा सम्पन्न गर्ने पात्र प्रमुख, त्यसभन्दा कम कार्य गर्ने सहायक र छिटपुट रूपमा उपस्थित हुने पात्र गौण वर्गको पात्र हो । प्रवृत्तिका आधारमा पात्रहरू अनुकुल र प्रतिकुल हुन्छन् । उपन्यासमा सकारात्मक भूमिका निर्वाह गर्ने पात्र अनुकूल/सत् पात्र हुन भने नकारात्मक भूमिका निर्वाह गर्ने पात्र प्रतिकूल वा असत् पात्र हुन् । उपन्यासमा पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल पात्र हुन्छन् भने पाठकको मनमा घृणा जगाउने प्रतिकूल पात्र हुन्छन् । जीवन चेतनाका आधारमा वर्गगत र व्यक्तिगत गरी दुई किसिमका पात्र हुन्छन् । जुन पात्रले समाजिक वर्गको प्रतिनिधित्व गर्छ त्यो पात्र वर्गगत पात्र हो । जसले आफ्नै गुजाराका लागि मात्र समय व्यतित गर्छ त्यस्तो पात्र व्यक्तिगत पात्र हो । आसन्नताका आधारमा पात्र मञ्चीय र अमञ्चीय हुन्छन् । लेखकले नाम मात्र उच्चारण गरेको, प्रत्यक्ष रूपमा उपस्थित नभएको पात्र नेपथ्य पात्र हो भने उपन्यासमा प्रत्यक्ष देखिएर कार्यव्यापार वा संवाद गरेको पात्र मञ्चीय पात्र हो । यस्तै आबद्धताका आधारमा पात्रलाई बद्ध र मुक्त गरी दुई किसिमले वर्गीकरण गरिएको छ । उपन्यासको घटनासँग पात्रहरु बाँधिनुलाई आबद्धता भनिन्छ । उपन्यासबाट जुन पात्रलाई निकाल्दा कथानक वा घटानाक्रम अगाडि बढ्न सक्दैन त्यस्तो पात्र बद्ध पात्र हुन् भने जुन पात्रलाई निकाल्दा घटनाक्रममा खासै असर नपार्ने पात्रहरू मुक्त पात्र हुन् । स्वभावका आधारमा गतिशील र गतिहीन गरी पात्रहरूलाई दुई वर्गमा वर्गीकरण गरिएको छ । जुन पात्र सुरूदेखि अन्त्यसम्म एकै स्वभावमा देखिएको छ त्यो गतिहीन पात्र हो । यस्ता पात्रलाई कुनै घटना वा वातावरणले आफ्नो स्वभावमा परिवर्तन गर्न प्रभाव पार्दैन । जुन पात्रलाई कुनै वातावरण वा परिस्थितिले प्रभाव पार्छ, आफ्नो स्वभावमा परिवर्तन ल्याउँछ भने त्यस्तो पात्र गतिशील पात्र हुन्छ । यहाँ यिनै आधारमा केन्द्रित भएर पात्रहरूको चरित्रचित्रण गरिएको छ ।

## ३.२ पात्र वा चरित्रको शैलीविज्ञानका आधारमा चरित्रचित्रण/विश्लेषण

यस उपन्यासमा बाबु अष्टनारानको मृत्युपछि असल अभिभावक बनी भाइ र बहिनीको विवाह सम्पन्न गरी उज्वल भविष्यको कामना गर्ने क्रान्तिकारी चरित्रका पुरूष पात्र हुन् शिवनारान । यिनी समाजमा एकता कायम गर्न, आडम्बरलाई तोड्न, काम वा पेसाप्रति प्रतिवद्ध समाजका आदर्श र प्रमुख पात्र हुन् । धैर्य गर्न सक्ने तर अन्याय र अत्याचार सहन नसक्ने प्रवृतिका भएकाले डा. गोदत्तप्रसादले आफ्नी वहिनी नानीथकुँमाथि आँखा लगाएको र रामवहादुरले सुरमान सुब्बालाई नानीथकुँ विवाह गरिदिन खोजेको उनी पटक्कै मन पराउँदैनन् । उनी आफ्नो सानो स्वार्थका लागि अरूको जीवनलाई समस्या वा दुखमा पार्न नचाहने व्यक्ति भएकाले ठूलाबडा वा शोषक सामन्तीहरूका लगि प्रतिकुल पात्र भएता पनि गरिव दुखी र निम्न वर्गको हितमा काम गर्ने प्रतिनिधि पात्रको रूपमा उपस्थिति भएकाले उनी अनुकूल पात्र र वर्गीय चरित्रका पात्रको रूपमा देखिन्छन् । यिनी सुरूदेखि नै उपस्थित भएका छन् यसर्थ मञ्चीय पात्र हुन् साथै स्वभावमा कुनै पनि परिवर्तन नभएका पात्र भएकाले स्थिर पात्र हुन् । यिनको अनुपस्थितिमा उपन्यासको उद्देश्य पूरा हुन सक्दैन, यिनको उपस्थिति अनिवार्य छ त्यसअर्थमा उनी बद्ध पात्र हुन् ।

**शैलीवैज्ञानिक आधारमा एक चिहान उपन्यासका पात्र अष्टनारानको चरित्रचित्रणको वर्गीकृत तालिका**

| आधारपात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | स्त्री. | प्र. | स. | गौ. | अनुकुल | प्रतिकुल | गतिशील | गतिहीन | वर्गीकृत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| अष्टनारान | + | – | – | + | – | – | + | – | + | + | – | – | + | + | – |

अष्टनारान शारीरिक बनोट तथा अन्य बाह्य स्वरूपका आधारमा हेदा  पुरूष पात्र हुन् । उपन्यासको अन्तिमसम्म नदेखिए पनि कार्यका आधारमा यिनको स्थान प्रमुख छ तथापि यिनी सहायक पात्र हुन् । । उनी तीन छोरा शिवनारान, पुननारान र हर्षनारान र एक छोरी नानीथकुँका बाबु हुन् भने लतमायाका श्रीमान् हुन् । उपन्यासमा उनी विरामी भएको सन्दर्भबाट उपन्यासको सुरूवात हुन्छ तर उनी अन्त्यसम्म रहदैनन् । निम्न मध्यम वर्गीय परिवारको सदस्यको रूपमा उनी रहेका छन् । नेपाली समाजमा चली आएको अवैज्ञानिक र खर्चालु संस्कृतिको बारेमा उनी खुलेरै विरोध गर्दछन् । यो क्रान्तिकारी चेतका कारण उनी कतिलाई मन नपरेका पनि देखिन्छन् । यस अर्थमा उनी प्रतिकूल पात्र हुन् । नजिकैको छिमेकी डा. गोदत्तप्रसादको चरित्रको बारेमा उनी राम्ररी जानकार रहेको र छोराहरूलाई सचेत हुन सुझाए पनि छोराहरूले परिवर्तनको भएको आशा देखाएपछि उनी चित्त बुझाउन बाध्य भएका छन् तर भित्रैबाट भने सन्तुष्ट छैनन्  त्यसैले  उपन्यासको सुरूदेखि  उनी रहुन्जेल यिनको स्वभावमा खासै परिवर्तन भएको छैन यसर्थ  यिनी गतिहीन वा स्थिर पात्र हुन् ।  यिनी उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थिति भएका नाताले मञ्चीय पात्र हुन् । उपन्यासमा यिनलाई आदर्श वा क्रान्तिकारीका रूपमा उभ्याइएको छ । मृत्यु अवस्यम्भावी हो त्यसैले त्यसकै पछि लागेर आफ्नो दैनिक कामलाई विगारेर बस्नु ठूलो कमजोरी भन्दै आफ्ना सन्ततिहरूलाई अर्ती दिन्छन् । उनकै सिको गर्दै छोराहरूले काम गरेका छन् जस्तै : किसानले आफ्नो खेतीमा निरन्तर लाग्नुपर्ने, क्षमताभन्दा बढी चाहना राख्नु नहुने, जातीय विविधता भएको नेपालमा एकता कायम गर्न अन्तरजातीय विवाहलाई प्राथमिकता दिने जस्ता स्थापना गर्नमा उनी सफल प्रायः नै देखिएका वर्गीय पात्र हुन्  । यदि उनलाई झिकिदिने हो भने उपन्यासको उद्देश्य पूरा हुन सक्दैन त्यसकारण यिनी बद्ध पात्र हुन् ।

**शैलीवैज्ञानिक आधारमा एक चिहान उपन्यासका पात्र नानीथकुँको चरित्रचित्रणको वर्गीकृत तालिका**

| आधारपात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | स्त्री. | प्र. | स. | गौ. | अनुकुल | प्रतिकुल | गतिशील | गतिहीन | वर्गीकृत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| नानीथकुँ | – | + | – | + | – | + | – | + | – | + | – | – | + | + | – |

नानीथकुँ अष्टनारान र लतमायाकी एक मात्र छोरी हुन् । नाम, शारीरिक बनोट तथा अन्य बाह्य स्वरूपका आधारमा हेर्दा यिनी महिला पात्र हुन् । सुरूदेखि रामखेलावन राउतसँग विवाह गर्दासम्म (२९ भाग) सक्रिय पात्रको रूपमा देखिन्छिन् । सत्र बर्षकी तरूनी हेर्दा जो कोही एक नजरमा नै आकर्षण हुन सक्ने यिनी स्त्री प्रमुख पात्रको रूपमा रहेकी छिन् । डा. गोदत्तप्रसादले जबदेखि नानीथँकुलाई देखे त्यसैबेलादेखि उनलाई आफ्नी बनाउन मरिहत्ते नै गरे । रञ्जनादेवी र घरका आफ्ना सदस्यहरूको महिला अस्तित्वका कारण उनले आफूलाई समाल्न भने सकिन्, इज्जतमा दाग लाग्न दिइनन् यसर्थ उनी अनुकूल पात्रको रूपमा चित्रण गर्न सकिन्छ । पर्वते र तराईबासीका विचमा सम्बन्ध गहिरो भएमा साम्प्रदायिक सदभाव झनै मजबुत हुने कुरा बाबु अष्टनारानले भनेका कुरालाई दाजु शिवनारानले भाषा नमिल्ने, जात नमिल्नेसँग विवाह

गरिदिने कार्य गर्दा सहर्ष स्वीकार गरी यिनी वैवाहिक जीवनमा बाँधिएकी छिन् । उपन्यासको उद्देश्यलाई साकार पार्न उनको भूमिका महत्वपूर्ण मानिनुको साथै अगाडि नै देखिएकोले यिनी मञ्चीय पात्र हुन् । नारीहरूको प्रतिनिधित्व गर्ने यिनी युवायुवतीदेखि निम्न वर्गको प्रतिनिधित्व गर्ने भएकाले यिनी वर्गीय पात्र हुन् । यिनलाई उपन्यासबाट झिकिदिंदा उपन्यासको उद्देश्यलाई पूरा गर्न थप आधारमा कमी आउने हुनाले यिनी बद्ध पात्रको रूपमा रहेकी छन् ।

**शैलीवैज्ञानिक आधारमा एक चिहान उपन्यासका पात्र लतमायाको चरित्रचित्रणको वर्गीकृत तालिका**

| आधारपात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | स्त्री. | प्र. | स. | गौ. | अनुकुल | प्रतिकुल | गतिशील | गतिहीन | वर्गीकृत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| लतमाया | − | + | − | + | − | + | − | − | + | + | − | − | + | + | − |

शारीरिक बनोट तथा अन्य बाह्य स्वरूपका आधारमा हेदा लतमाया स्त्री पात्र हुन् । लतमाया भूमिकाको आधारमा उनी सहायक पात्र हुन् । यिनी अष्टनारानकी श्रीमती तीन छोरा र एक छोरीकी आमा हुन् । आफ्नो काजक्रियाको लागि लुकाइराखेको २५ रूपैँया सोही काममा मात्र प्रयोग गर्नु भनेको आफ्नो श्रीमान्को कुरालाई जीवन बचाउन सकिन्छ भने काजक्रियामा खर्च गर्नुभन्दा उपचारमा लगाउनु बुद्धिमानी ठानी डाक्टरको उपचारमा खर्च गरेता पनि श्रीमान् बचाउन नसेकेकोमा दुखी छिन् । इज्जतको अत्यन्तै ख्याल गर्ने उनी नानीथकुँ र डाक्टर गोदत्तप्रसादको बिचमा भएको माया प्रेम, ख्याल ठट्टाको सुइको नै नपाउने सोझी पात्रको रूपमा देखिन्छिन् । आफ्नो श्रीमान्को भावनालाई सधैँ शिरोपर गर्ने उनी जोसुकैलाई पनि उत्तिकै व्यवहार गर्ने अनुकूल पात्र हुन् । सुरूदेखि अन्त्यसम्म हुनाले उनी असल अभिभावकको भूमिकामा रहनुको साथसाथै चारित्रिक स्वभावका परिवर्तन आएको छैन त्यसैले यिनी गतिहीन वा स्थिर पात्र हुन् । असल आमा र सासूआमाको प्रतिनिधित्व गर्ने हुनाले उनी वर्गीय पात्र हुन् । यिनी स्पष्ट रूपमा देखिनुका साथै आवश्यक ठाउँमा आफ्ना सन्ततिहरूलाई सल्लाह सुझाव पनि दिएकी छन् तसर्थ यिनी मञ्चीय पात्र हुन् । उपन्यासमा उनको भूमिकाले अभिभावकत्व निर्वाह गरेकाले उनी बद्ध पात्र हुन् ।

**शैलीवैज्ञानिक आधारमा एक चिहान उपन्यासका पात्र डा. गोदत्तप्रसादको चरित्रचित्रणको वर्गीकृत तालिका**

| आधारपात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | स्त्री. | प्र. | स. | गौ. | अनुकुल | प्रतिकुल | गतिशील | गतिहीन | वर्गीकृत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| डा. गोदत्तप्रसाद | + | − | | + | − | − | + | + | − | − | + | − | + | + | − |

मर्यादित पेसाका साथै धेरैका आशा र विश्वासको पेसा चिकित्सक अथवा डाक्टरको भूमिकामा रहेका गोदत्तप्रसाद पुरूष पात्र हुन् । कथालाई अगाडि बढाउन र समाजमा आदर्शमा होइन फरक पात्र पनि हुन्छन् भन्ने कुरालाई यिनको उपस्थितिले जनाएको छ त्यसैले खलपात्र वा सहायक पात्र हुन् । नकारात्मक स्वभाव र आचरणका कारण उनी प्रतिकूल पात्र हुन् । सुरूमा अष्टनारानको घरै आउन नमान्ने तर पछि नानिथकुँलाई देखेपछि निरन्तर आइरहने मात्र होइन उनी नानीथकुँलाई आफ्नै बनाउन चाहन्थे भन्ने कुरा अष्टनारानको मृत्युपछि पनि निरन्तर दैनिक पाँच बजे जाने कार्यले यो कुरालाई पुष्टि गर्दछ । श्रीमती रञ्जनादेवीको कुराले केही आफूलाई नियन्त्रणमा राखेजस्तो गरेता पनि एक साँझ नानीथकुँलाई भित्र्याउने उद्देश्यले लिन आएको घटनाले उनी समय समयमा परिवर्तन भइरहने पात्रको रूपमा देखिएकाले अस्थिर तथा गतिशील पात्र हुन् ।

उनकी श्रीमती रन्जनादेवीले इज्जतमा दाग लाग्न सक्ने भन्दै सम्झाउँदा पनि नानीथकुँलाई छोड्नै नसक्ने जस्तो गरेर धाइरहेका देखिन्छन् उपन्यासमा । एकदिन साँझ सबै बन्दोवस्त मिलाएर नानीथकुँलाई लिन जाँदा उनी नमानेपछि र नानीथकुँको घरपरिवारबाट पनि बारम्बार बेवास्ता गरेपछि अन्तत उनको सक्रियता हटेर जान्छ यिनी जति समय उपन्यासमा देखिन्छन् प्रष्टसँग देखिन्छन् त्यसैले उनी मञ्चीय पात्र हुन् । यिनी आफ्नै मात्र स्वार्थ हेर्ने आफ्नो लागि जे पनि गर्न तयार हुने भएकाले यिनी उपन्यासका व्यक्तिगत पात्र हुन् । समाजमा भएका यर्थाथ घटनालाई उजार गर्नलाई यिनी जस्ता पात्र आवश्यक हुन्छन् त्यसैले पनि यिनको उपस्थिति उपयुक्त छ । उनीको अभावमा उपन्यास रोचक बन्दैन त्यसैले पनि यिनी बद्ध पात्र हुन् ।

**शैलीवैज्ञानिक आधारमा एक चिहान उपन्यासका पात्र पुननारानको चरित्रचित्रणको वर्गीकृत तालिका**

| आधारपात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | स्त्री. | प्र. | स. | गौ. | अनुकुल | प्रतिकुल | गतिशील | गतिहीन | वर्गीकृत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| पुननारान | + | – | – | + | – | + | – | – | + | – | + | – | + | + | – |

पुननारान अष्टनारानका माइला छोरा तथा शिवनारानाका माइला भाइका साथै यिनी पुरूष पात्र हुन् । यिनी पेसाले सिकर्मी हुन् । उपन्यासमा उनको भूमिकालाई हेर्दा यिनी सुरूदेखि अन्त्यसम्म नै छन् तर सक्रियता भने खासै छैन् त्यसैले यिनी सहायक पात्र हुन् । आफ्नो काम छोडेर बाबुको सेवामा लागेका यिनी पेश्की लिएको काम फत्ते गर्न पनि सक्दैनन् त्यसैले साहु आएर कराउँदा पनि नम्र र आदरका साथ काम पुरा नै गर्ने वाचा गर्दै संवाद गरेकाले यिनी धीर, सहनशील र कर्तव्यनिष्ठ पात्रको रूपमा चिनिन्छन् । बाबुको सेवामा हर्दम लागेर काम छोडेको देखी बाबुले आफ्नो काममा जान गरेको अनुरोधलाई मन नगरी नगरी स्वीकार गरेका छन् । यिनी कसैलाई नराम्रो गर्न चाहदैनन् र बुबाको मृत्युपश्चात् दाजुको अभिभावकत्वमा बसेर काम गरेका छन् त्यसैले यिनी अनुकूल पात्र हुन् साथै यिनका गतिविधि सबै स्पष्ट र अगाडि नै देखिन्छन् त्यसैले यिनी मञ्चीय पात्र हुन् । बद्ध पात्र पनि हुन् ।

**शैलीवैज्ञानिक आधारमा एक चिहान उपन्यासका पात्र हर्षनारानको चरित्रचित्रणको वर्गीकृत तालिका**

| आधारपात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | स्त्री. | प्र. | स. | गौ. | अनुकुल | प्रतिकुल | गतिशील | गतिहीन | वर्गीकृत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| हर्षनारान | + | – | – | + | – | + | – | – | + | + | – | – | + | + | – |

हर्षनारान शारीरिक बनोट तथा अन्य बाह्‍य स्वरूपका आधारमा हेदा पुरूष पात्र र अष्टनारानका कान्छा छोरा हुन् । बाबुको मृत्युपछि दाजु शिवनारानको अभिभावकत्वमा रहेर काम गरेका यिनले सामाजिक र सांस्कृतिक सम्वन्धलाई सुमधुर बनाइराख्न जाति र भाषालाई पनि स्वीकार्नु पर्छ भन्ने बाबुको र दाजुको भावनालाई यिनले अन्तरजातीय विवाहलाई स्वीकार गरी उदाहरणीय पात्र बनेका यिनी सुरूदेखि नै रहेका सहायक र वर्गीय चरित्रका पात्र हुन् । यिनको उपन्यासमा विशेष महत्वपूर्ण मानिन्छ । उनी सुरूदेखि अन्त्यसम्म एउटै स्वभाव र व्यवहारमा रहेका छन् यसर्थ उनी स्थिर पात्र हुन् । यिनका गतिविधि सबै स्पष्ट र अगाडि नै देखिन्छन् त्यसैले यिनी मञ्चीय पात्र हुन् । बाबुको मनोभावनालाई यिनले साकार बनाएका छन् आफू नेवार भए पनि तामाङसँग विवाह गरेर बेहुलीलाई हिँडाएर नै भित्र्याउनुको साथै उपन्यासको भावलाई थोरै भएपनि यिनको उपस्थिति र कार्यले सफल बनाउन भूमिका खेलेको छ त्यसैले यिनी बद्ध पात्र हुन् ।

**शैलीवैज्ञानिक आधारमा एक चिहान उपन्यासका पात्र रामबहादुरको चरित्रचित्रणको वर्गीकृत तालिका**

| आधारपात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | स्त्री. | प्र. | स. | गौ. | अनुकुल | प्रतिकुल | गतिशील | गतिहीन | वर्गीकृत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| रामबहादुर | + | − | − | − | + | − | + | + | − | + | − | − | + | + | − |

शारीरिक संरचना अर्थात बाह्य बनावट, विशेषता आदिलाई हेर्दा रामबहादुर यस उपन्यासको पुरूष पात्र हुन् । यिनी सुरमान सुव्वाका कारिन्दा हुन् । उपन्यासमा भाग दशदेखि चौबिससम्म उनको उपस्थिति रहेको छ त्यसैले यिनी गौण पात्रको रूपमा रहेका छन् । भुमिपति तथा धनी मानिसहरूले गाउँका सोझा, गरिव र निमुखाहरूलाई हेप्न सक्नेजति हेप्ने सामाजिक कुसंस्कारलाई प्रतिनिधित्व गर्ने सुरमानजस्ता शोषक र तिनीहरूजस्ताका कर्मचारी वा जे भन्यो त्यही गर्ने मानवीयता हराएका व्यक्तिहरूको प्रतिनिधत्व गर्ने रामवहादुर प्रतिकूल पात्र हुन् । आफ्नो मालिकलाई खुसी बनाउन जस्तो सुकै हर्कत गर्ने यिनी बद्ध पात्रको रूपमा रहेका छन् साथै उनी प्रस्टसँग देखिने गरी उपस्थित छन् त्यसैले यिनी मञ्चीय पात्र पनि हुन् । यिनी आफ्नो स्वार्थ सिद्ध गर्न जस्तोसुकै बनावटी कुरा गर्न चतुर छन् अर्थात आवश्यकताअनुसार कुनै बेला फकाउने नभए तर्साउने क्षमता भएकाले अनुकूलता हेरेर परिवर्तन हुन सक्ने भएकाले यिनी गतिशील पात्रको रूपमा पनि चित्रण गर्न सकिन्छ ।

**शैलीवैज्ञानिक आधारमा एक चिहान उपन्यासका पात्र रामखेलावनको चरित्रचित्रणको वर्गीकृत तालिका**

| आधारपात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | स्त्री. | प्र. | स. | गौ. | अनुकुल | प्रतिकुल | गतिशील | गतिहीन | वर्गीकृत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| रामखेलावन | + | − | − | − | + | + | − | − | + | + | − | − | + | + | − |

राम खेलाउन राउत शिक्षित, जमिन्दार, तराइबासी र कृषि कार्यमा लागेका यस उपन्यासका पुरूष पात्र हुन् । सहभागिताको आधारमा हेर्दा यिनीले विशेष भूमिका निर्वाह गरे पनि थोरै समय अथवा नानिथकुँसँग विवाहका लागि मात्र उपस्थिति भएकाले गौण पात्र हुन् । कृषि कार्यलाई नयाँ ढङ्ग र तरिकाबाट अगाडि बढाउन चाहने उनी अन्तरजातीय विवाह गर्न र पर्वते र तराइबासीका बिच सम्बन्ध जोड्न राजी हुनुका साथै उपन्यासकारले साम्प्रदायिक सद्भाव कायम राख्न यस्ता कुरामा जोड दिनुपर्छ भन्ने मर्मलाई यिनले राम्ररी भूमिका निर्वाह गरेका छन् तसर्थ यिनी वर्गीय र बद्ध पात्र हुन् । प्रत्यक्ष रूपमा उपस्थिति रहेकाले मञ्चीय पात्र हुन् । यिनको स्वभाव र कार्यमा सुरूदेखि अन्त्यसम्म कुनै फरकपन नआएकाले यिनी स्थिर पात्र हुन् । सबैको भलो चिताउने, आफ्नो पेसाप्रति प्रतिवद्ध रहेका यिनी अनुकूल पात्र हुन् ।

**शैलीवैज्ञानिक आधारमा एक चिहान उपन्यासका पात्र हाकुमायाको चरित्रचित्रणको वर्गीकृत तालिका**

| आधारपात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | स्त्री. | प्र. | स. | गौ. | अनुकुल | प्रतिकुल | गतिशील | गतिहीन | वर्गीकृत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| हाकुमाया | − | + | − | + | − | + | − | − | + | + | − | − | + | + | − |

हाकुमाया नाम र बाह्य विशेषताले महिला पात्र हुन् । यिनी शिवनारानकी पत्नी हुन् । उपन्यासका आवश्यक ठाउँमा आफ्नो पतिलाई सचेत गराउने कार्यमा रहेकी यिनी सहभागिता तथा भूमिकाको हिसाबले

गौण भएता पनि सुरूदेखि अन्त्यसम्म रहेकाले सहायक पात्र हुन् । प्रत्यक्ष रूपमा उपस्थिति भएकाले यिनी मञ्चीय पात्र पनि हुन् । रामबहादुरलाई तान पच भयो जे गर्छस् गर भनेर हिम्मतिला कुरा गरेपछि परिवारका सदस्यले निडर र हिम्मत भएकी कुराको सङ्केत गरेका छन् । घर व्यवहारका विषयमा स्वास्थ्यका बारे मा निक्कै सचेत यिनले पतिको आवेगलाई मत्थर पार्ने काम पनि गरेकी छन् । यिनी गतिहीन र व्यक्तिगत चरित्रकी पात्र हुन् साथै यिनी बद्ध पात्र पनि हुन् ।

**शैलीवैज्ञानिक आधारमा एक चिहान उपन्यासका पात्र रञ्जनादेवीको चरित्रचित्रणको वर्गीकृत तालिका**

| आधारपात्र | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | स्त्री. | प्र. | स. | गौ. | अनुकुल | प्रतिकुल | गतिशील | गतिहीन | वर्गीकृत | व्यक्तिगत | नेपथ्य | मञ्चीय | बद्ध | मुक्त |
| रञ्जनादेवी | − | + | − | − | + | + | − | + | − | + | − | − | + | + | − |

शिक्षित र नारी अस्मिताको बारेमा महिला र पुरूष दुवैलाई सचेत गराउने उपन्यासमा डा. गोदत्तप्रसादकी श्रीमती र स्त्री पात्र हुन् रञ्जनादेवी । उपन्यासको मध्यतिरबाट उपस्थित भएर केही समयका लागि मात्र उपस्थित भएकी या अन्त्यसम्मको भूमिकामा नरहे पनि नारी अस्मिताको बारेमा महिलाले ख्याल गर्नुपर्ने कुराका साथै नानीथकुँलाई सचेत गराउने उनी अनुकूल र नारीहरूको प्रतिनिधित्व गर्ने सफल वर्गीय पात्र हुन् । उनी मञ्चीय पात्र हुन् र उनको सल्लाह र सुझावले पनि नानीथकुँलाई डा. गोदत्तप्रसादको घर भित्र्याउने प्रयास सफल हुन सकेको छैन यसको अर्थ उनले उपन्यासमा खास भूमिका निर्वाह गरेकाले उनी बद्ध पात्र पनि हुन् ।

उपन्यासमा माथि उल्लेख गरिएका पात्रहरु मुख्य गरी रहेका छन् । अन्य सामान्य भूमिकामा रहेका, प्रत्यक्ष रूपमा उपस्थित नभएका र नाम मात्र उल्लेख गरिएका पनि केही पात्रहरू रहेका छन् । सुरमान सुब्बा, माहिला तामाङ, सिन्तली, पुतली, वाबुचा, गुभाजु, तुयु गुभाजु, माहिला कविराज, पुन्चाकी स्वास्नी, तान बोक्नेहरू, हर्षनारानको बिहेमा भेला भएका केही गाउँले मानिसहरू, खेताला, पनि रहेका छन् जसको भूमिका त्यति धेरै नभएकाले यहाँ वर्णन गरिएको छैन ।

## ४. निष्कर्ष

एक चिहान उपन्यास बहुपात्रीय उपन्यास हो । सङ्ख्यात्मक हिसावले हेर्दा पुरूष पात्रको सङ्ंख्या स्त्री पात्रका तुलनामा केही बढी देखिन्छ । यहाँ शिवनारान प्रमुख पात्रको रूपमा रहेका छन् । सहायक पात्रका रूपमा अष्टनारान, लतमाया, डा. गोदत्तप्रसाद, नानीथकुँलगायतका पात्र रहेका छन् । बाँकी रामबहादुर, रामखेलावन, गुभाजुहरू गौण पात्रका भूमिकामा आएका छन् । माइला तामाङ, रामखेलावन राउतले अन्तर जातीय विवाहलाई प्रश्रय दिएर प्रगतिशील विचारलाई मूर्तता दिएको देखिन्छ भने रञ्जनादेवीले नारीको अस्मिता र मूल्यलाई नानीथकुँमार्फत् सम्झाएको घटना महत्वपूर्ण एवम् सन्देशमूलक रहेको छ । नेपथ्य तथा अमञ्चीय पात्रको रूपमा रहेका सुरमान सुब्बा र मञ्चीय पात्र डा. गोदत्तप्रसाद सामन्ती प्रवृतिका प्रतिनिधि पात्रको रूपमा रहेका छन् । सुरमान सुब्बालाई उक्साउन र चाकरी गरेर सधैं मालिकको हाइहाई हुन र आफ्नो स्वार्थ सिद्ध गर्न लागि पर्ने रामबहादुर जस्ता खराब प्रवृत्तिका पात्रको उपस्थिति भए पनि सफल हुन नसकेको देखिन्छन् । फरक परिवेशका फरक पात्र वर्ग र जात विशेषलाई मध्यनजर गरी उपस्थित गराउन सफल उपन्यासकारले आफूले दिन चाहेको अन्तरजातीय विवाह, किसानको दुखद एवम् महत्वपूर्ण भूमिका

अनि सामन्तीहरूले सधै कुनै न कुनै निहुँ गरेर सोझा साधा गाउँलेलाई सताउने गर्दछन् भन्ने सन्देश सार्थक गराउन पात्रहरू सफल भएको देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


उपाध्याय, स.(२०६७). सखी उपन्यासको शैलीवैज्ञानिक अध्ययन.(अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रि.वि जनता बहुमुखी क्याम्पस, इटहरी नेपाली भाषा शिक्षण विभाग ।

घर्ती, दु. (२०६७). मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्र विधान. साझा प्रकाशन

घिमिरे, स. (२०७६). अप्रिलफुल उपन्यासको शैलीवैज्ञानिक अध्ययन. (अप्रकाशित स्नातकोत्तर शोधपत्र) त्रिभुवन विश्वविद्यालय क्याम्पस, नेपाली भाषा शिक्षण विभाग ।

प्रधान, हृ. (२०६९). एक चिहान, साझा प्रकाशन ।

बराल, म. (२०७९). विभाजित समय उपन्यासका पात्रहरूको शैलीवैज्ञानिक आधारमा चरित्र चित्रण .कोशी प्रभा ।

बराल, ल. (२०६८). दुर्गम उचाइमा फूलको आँधी कविता सङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन (अप्रकाशित स्नातकोत्तर शोधपत्र ) वीरेन्द्र बहुमुखी क्याम्पस. चितवन

शर्मा, मो. (२०५२). शैलीविज्ञान : सिद्धान्त र आलोचना. नेराप्रप्र ।

सापकोटा, अ. (सन्२०१९). औपन्यासिक पात्र विधानको सैद्धान्तिक परिचय : एक अध्ययन धरान महेन्द्र बहुमुखी क्याम्पस धरान,नेपाली भाषा शिक्षण विभाग ।